आज मिति २०७६।१०।१२ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप प्रमुख
३. श्री येद्धिमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज लिम्बिनी - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री रामकुमार खड्का - " १०
१३. श्री देवि कुमारी कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री अमिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री शिव प्रसाद हुमेगाई - प्रमुख प्रशासकिय अधिकृत
२२. श्री नेत्र बा० वि. इ. - इ. नी.

प्रस्तावहरु

१. अजगरा खानेपानी योजना नं.-नि.पा. ९ को माग सम्बन्धमा।
२. शहरी स्वास्थ्य केन्द्र खरेहा झोडाको माग सम्बन्धमा।
३. सुत्केरी कोशेली कार्यक्रम कार्यविधि २०७६ पारित गर्ने सम्बन्धमा।
४. त्रियुगा नदि छठ पुजा समारोह समितिको माग सम्बन्धमा।
५. दलित जनप्रतिनिधिहरुको भेला सम्बन्धमा।
६. आर्थिक सहयोग सम्बन्धमा।

Scanned by CamScanner

७. वडा कार्यालय भवनको मर्मत्(?) सम्बन्धमा ।
८. वडा नं. ३ र ८ को स्वास्थ्य चौकी भवनको बजेट सम्बन्धमा ।
९. अनुसन्धानकर्ता लक्ष्मण प्रसाद चौधरीको माग सम्बन्धमा ।
१०. साहित्य दिवस मनाउने सम्बन्धमा ।
११. लैंगिक हिंसा कोष स्थापना सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

निं. नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ९ मा संचालित अजगरा खानेपानी योजना तथा सरसफाई समितिको माग निवेदन अनुसार उक्त खानेपानी योजना मर्मतको लागि यस न.पा. को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षक बाट रु. २००,०००।- दुईलाख उपलब्ध गराउने निर्णय गरियो ।

नि. नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. को वडा नं. १० खैराहा झोडामा स्थापना भएको शहरी स्वास्थ्यकेन्द्रको माग अनुसारका आवश्यक फर्निचर फिक्स्चर्सका सामानहरु खरिद गर्न करिब रु. ३००,०००।- रकम आवश्यक परेको हुँदा उक्त रकम यस न.पा. को फर्निचर फिक्स्चर्स शीर्षक बाट खर्च गर्ने गरि सामान खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को नीति तथा कार्यक्रम अनुसार ~~उक्त~~ जनता संग उपमेयर कार्यक्रम अन्तर्गत सुत्केरी कोशेली कार्यक्रमको लागी वजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम संचालनको लागी यस न.पा.ले तयार गरेको सुत्केरी कोशेली कार्यक्रम संचालन कार्यविधि,२०७६ पारित गर्ने निर्णय गरियो । साथै उक्त कार्यविधि अनुसार उक्त कार्यक्रम चालु आ.व.को मिती २०७६ साल श्रावण १ गते देखिनै लागु हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यस न.पा.को वडा नं.५,६ को त्रियुगा नदि छठ पुजा समारोह समितिको माग निवेदन अनुसार उक्त समितिले मिती २०७६।०७।१६ र १७ गते संचालन गरेको छठ पुजाको खर्च रकम रु.४०,०००।- यस न.पा.को चालु तर्फको कार्यक्रम खर्च शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा दलित जनप्रतिनिधिहरुको १ नं. प्रदेशस्तरीय भेला दक्षिण रसियाली मिट-२०७६ मूल समारोह समिति, इलामको प्राप्त पत्र अनुसार उक्त समिती द्वारा मिति २०७६।१०।२४ र २५ गते हुने कार्यक्रममा न.पा.का दलित जनप्रतिनिधिहरुलाई सहभागी हुन जान जानकारी गराउने साथै गाडी उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडा बाट विपन्न नगरिकहरुको स्वास्थ्य उपचारको लागी सिफारिस भई आएको हुँदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. केदार विश्वकर्मा वडा नं. ९ (मृगौला) रु.१०,०००।-
२. हिरादेवी कटुवाल वडा नं.५ (टाउको) रु.२०००।-
३. ~~[illegible]~~ बलाराम राई वडा नं. ७ (न्यूरो व्याथी) रु.५०००।-
४. देवी चौधरी वडा नं.९ (पेटको समस्या) रु.२०००।-
५. फुलमाया सार्की (विसुंके) वडा नं. २ रु.२०००।-
६. भद्र दाहाल चौ.न.पा.२ (दम) रु.२०००।-
७. भक्तमाया राई चौ.न.पा.३ (क्यान्सर) रु.५०,०००।-

Scanned by CamScanner

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा नेपालको विभिन्न परिवर्तनको लागि संचालन भएको तत्कालिन १२ वर्षे जनयुद्धको समयमा राज्य पक्ष तथा युद्धरत पक्ष दुवै बाट सहादत प्राप्त गर्ने तपसिले अनुसारको यस न.पा.को विभिन्न वडामा स्थायी ठेगाना भएका सहिदहरुको नाममा सम्वन्धित वडाको सम्वन्धित टोल तथा चोकहरुमा उक्त सहिदहरुको नाम राखी बाटो तथा चौकहरुको नामाकरण गर्ने साथै उक्त सहिद परिवारका वालवालिकाहरुलाई विद्यालय पोशाक, स्टेशनरी र ब्याग उपलब्ध गराई मिति २०७६।१०।१६ गते विशेष कार्यक्रमको आयोजना गरि सहिदहरुको सम्मान गर्ने तथा सहिद दिवस मनाउने निर्णय गरियो।

तपसिल

१. दलबहादुर तामाङ वडा नं. ३ सहादत मिति:
- राजानागी चोकदेखी मदन चोक सम्मको सडकलाई सहिद दलबहादुर तामाङ मार्ग राजानागी नामाकरण गर्ने।

२. खगेन्द्र राई ओलेनी वडा नं. ३ सहादत मिति:
- वडा नं. ३ को ओलेनी बाट ओम्निगर जाने बाटोको ~~पश्चिम पुर्व~~ पश्चिम विन्दु चोक रानिटार जाने बाटोमा पर्ने झोलुङ्ग पुल जाने बाटोको चोकलाई सहिद खगेन्द्र राई चोक नामाकरण गर्ने निर्णय भएको।

३. नैन बा० वि.क० वडा नं. ३ सहादत मिति:
- वडा नं. ३ कालिमाटर डाँडागाउले टोलमा सहिद नैन ब० वि०को चोक नामाकरण गर्ने निर्णय गरियो।

४. गोवर्द्धन राई वडा नं. ४ सहादत मिति:
- बर्षेडाडा देखी सनिचोक जाने बाटोको विन्दु उत्तर पश्चिम दालिते गौरियोल जाने बाटोलाई सहिद गोवर्द्धन राई मार्ग नामाकरण गरियो।

५. गंगा बा० करवाल वडा नं. ५, सहादत मिति:
- ५ नं. वडा कार्यालय बाट पुर्व शिव माथि देखी पश्चिम बिचमा पर्ने कल्भर्ट देखी चोक लाई सहिद गंगा ब० करवाल चोक नामाकरण गर्ने निर्णय गरियो।

६. विक्रम भुजेल वडा नं. ६, सहादत मिति:-
- वडा नं. ६ केन्द्रवाको बालकृष्ण ~~साई~~ चोक देखी पुर्वयलम्बर चोक सम्म जाने बाटोलाई सहिद स्व. विक्रम भुजेल मार्ग नामाकरण गरियो।

७. शम्भु राई वडा नं. ७ सहादत मिति:-
- ७ नं. वडा कार्यालयको दक्षिण अमरेन्द्र झाको घरदेखी सगरमाथा बोडिङको पुर्वि गेट सम्मको बाटोलाई सहिद शम्भु राई मार्ग नामाकरण गरियो।

Scanned by CamScanner

८. गणेश खत्री - वडा नं-६, साहादत मिति :-

- वडा नं. ६को विपि चौक देखी पूर्व शारद आदर्श स्कुल हुँदै साउँला चौक सम्म जाने बाटोलाई सहिद गणेश खत्री मार्ग नामाकरण गर्ने निर्णय गरियो ।

९. ठकुराज राई, वडा नं-६, साहादत मिति :-

- विपि चौक देखि उत्तर पश्चिम मदन चौक हुँदै हस्तराईको घरसम्म को बाटोलाई सहिद ठकराज राई मार्ग नामाकरण गर्ने निर्णय गरियो।

१०. प्रेम राई वडा नं. ६, साहादत मिति :-

- वडा नं-६को कोस्ला चौक देखी ई. प्रज्ञा. हुँदै साकेला चौक सम्मको बाटोलाई सहिद प्रेम राई मार्ग नामाकरण गर्ने निर्णय गरियो ।

११. देशराज राई वडा नं. ६, सहादत मिति :-

- वडा नं-६को श्रीपञ्चमी बलबहादुर राईको घर देउको छुम्तीमा सहिद देशराज राई चौक नामाकरण गर्ने निर्णय गरियो । (विपि चौक देखी ~~भोरेसो बाटो~~ उत्तर श्रीपञ्चमी विरेन्द्र बजार जाने बाटो खण्ड)

१२. वडा नं. ८को पंडित डाँडा [बाट उत्तर] ~~हुँदै~~ वडा कार्यालय हुँदै टाइके चमेरे फल जाने बाटो खण्डमा पर्ने टाइके स्थित चौक लाई ~~सहिद चौक~~ तत्कालिन जनयुद्धमा मृत्यु भएका ४ जनाको संयुक्त नाममा सहिद चौक नामाकरण गर्ने निर्णय गरियो ।

क.

ख.

ग.

घ.

१३. शारदा चौधरी वडा नं. ९ सहादत मिति :-

- वडा नं. ९को ~~भिमा~~ बेल्टार गाइघाट सडक खण्डमा पर्ने भिमा स्थित अनविकास मार्ग जाने बाटोको चौकलाई सहिद शारदा चौधरी चौक नामाकरण गर्ने निर्णय गरियो ।

१४. दिपक खड्का वडा नं. ९, सहादत मिति :-

- वडा नं-९को भगवती मार्ग देखि दक्षिण लालगिनि सम्मको बाटो लाई सहिद दिपक खड्का मार्ग नामाकरण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

१५. हंश चौधरी - वडा नं. ६, साहादत मिति:-

- त्रियुगा देखी मा.वि. हडिया जाने सडक खण्डको रघुवर चौधरीको घरेढेउको चौकलाई सहिद हंश चौधरी चौक नामाकरण गर्ने निर्णय गरियो।


१६. केशव खत्री - वडा नं. ६, साहादत मिति:-

- वडा नं. ६ को लालभित्ति चौकलाई सहिद केशव खत्री चौक नामाकरण गर्ने निर्णय गरियो।

१८. राजन दाहाल वडा नं. १०, साहादत मिति:-

- वडा नं. १० को बेल्टार गाईघाट सडक अन्तर्गत बिच्चटोल झोडादेखी उत्तर ~~चुहा~~ चुहाडपानी सम्म जाने बाटोलाई सहिद रजन दाहाल मार्ग नामाकरण गर्ने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६६ मिति २०७६।१०।१८ गतेको निर्णय ~~अनुरुप~~ प्राप्त पत्र अनुसार यस न.पा.को लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने निर्णय पारित गरियो।



Scanned by CamScanner